नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
# कार्यक्रम कार्यान्वयन एकाइ
लमजुङ/मनाङ

कृषिमा लगानी दशक २०८१
☎०६६-५२१४७६
✉ pmamp.piu.lamjung@gmail.com
piulamjung.pmamp.gov.np

## कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी प्रकाशित सूचना !!!

*सूचना नं:-०३* *(प्रथम पटक सूचना प्रकाशन मितिः- २०८३/०५/०१ गते)*

---

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ लमजुङ/ मनाङको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशिलता विकास सञ्चालन कार्यविधि-२०८२ बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/युवा/फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित **मिति २०८२/०५/२२ गते भित्र** यस कार्यालयमा **अनुसूची-२** अनुसारको ढाँचामा आवेदन तथा **अनुसूचि-३** अनुसारको ढांचामा कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

<u>तपसिल</u>

| सञ्चालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको सञ्चालन हुने क्षेत्र | कार्यक्रम सञ्चालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | कृषि उद्यमी वा १६ देखि ४० वर्ष उमेर समूहभित्रका युवा कृषक | लमजुङ/मनाङ जिल्लाभरि | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम | प्रस्तावको कूल लागतको बढीमा पचास प्रतिशत रकम वा चार लाख रुपैयाँ मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने । |

**<u>निवेदन साथ संलग्न कागजातहरु</u>**

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।

(३) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोबार सम्बन्धी अन्य कागजातहरु।

(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।

(६) सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिस पत्र।

पद्मनाथ आत्रेय
वरिष्ठ कृषि अधिकृत

“स्वदेशी उत्पादनमा लगानी,
आत्मनिर्भर कृषिको थालनी”

“Invest in Domestic Production,
Path to Self- Sufficiency”

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
लमजुङ/मनाङ
☎०६६-५२१४७६
pmamp.piu.lamjung@gmail.com
piulamjung.pmamp.gov.np

# कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी प्रकाशित सूचना !!!

*सूचना नं:-०३* *(प्रथम पटक सूचना प्रकाशन मितिः- २०८३/०५/०१ गते)*

**कार्यविधिमा उल्लेख भए बमोजिम कार्यक्रम सञ्चालन हुने बाली/वस्तु तथा मूल्य-शृंखलाका क्षेत्र:**

यस कार्यविधि बमोजिमको कार्यक्रम देहाय अनुसारका बाली/वस्तु तथा मूल्य-श्रृंखलाका क्षेत्रहरुमा सञ्चालन गरिनेछ।

(क) तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण ।

(ख) तरकारीको बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण ।

(ग) दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात

(घ) च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण ।

(ङ) मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण ।

(च) अदुवा, बेसार लगायतका मसलाबालीको प्रशोधन तथा बजारीकरण ।

(छ) मौरीपालन व्यवसाय र मह प्रशोधन ।

(ज) जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो लगाएतका रैथाने वालीको उत्पादन, प्रशोधन तथा बजारीकरण।

(झ) प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण ।

(ञ) बागबानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु-कल्चर प्रविधिबाट बीउ र विरुवा उत्पादन गर्ने व्यवसाय ।

(ट) फलफूल प्रशोधन र बजारीकरण।

(ठ) खाद्यान्नको वीउ उत्पादन तथा प्रशोधन।

(ड) ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन प्रशोधन र भण्डारण।

(ढ) साना तथा मझौला खालका कोल्ड च्याम्वर स्थापना तथा सञ्चालन।

(ण) घाँसबाट हे (Hay), साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय।

(त) अर्गानिक कृषि निर्यात ।

(थ) व्यवसायिक पशुपन्छी तथा मत्स्य पालन उत्पादन र प्रशोधन ।

(द) जैविक विषादी, प्राङ्गारीक विषादी, वनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारीकरण।

**पुनश्चः-** माथि उल्लेखित कार्यक्रम मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशिलता विकास सञ्चालन कार्यविधि-२०८२ बमोजिम सञ्चालन हुनेछ। उल्लेखित मिति भित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदनहरु माथि कुनै प्रक्रिया अघि बढाईने छैन । कार्यक्रम सम्वन्धी प्रस्तावना/आवेदन फारम तथा कार्यविधि कार्यालयको वेवसाइट piulamjung.pmamp.gov.np बाट डाउनलोड गर्न सकिनेछ। कार्यक्रम सम्वन्धी थप जानकारीका लागि कार्यालयको फोन नं. ०६६५२१४७६, ९८५६०४८७८०, ९८५६०४६७८०, ९८६५४३५७५७ (लमजुङ जिल्लाको लागि) र ९८५६०४९२१३, ९८६२३८२७३९ (मनाङ जिल्लाको लागि ) कार्यालय समय भित्र सम्पर्क गर्न सक्नुहुने छ ।

(पद्मनाथ आत्रेय)
वरिष्ठ कृषि अधिकृत

पद्मनाथ आत्रेय
वरिष्ठ कृषि अधिकृत

"स्वदेशी उत्पादनमा लगानी,
आत्मनिर्भर कृषिको थालनी"

"Invest in Domestic Production,
Path to Self- Sufficiency"